नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाडौं ।

फोन नं: ०१-४२००५११

प सं: ०७५/७६

च नं: ४१

मिति: २०७५ /०४ /२२

श्री गाउँपालिका / नगरपालिका (सबै) ।

विषय : स्थानीय स्तरको न्यूनतम दररेट निर्धारणा सम्वन्धमा।

विभिन्न स्थानीय तहबाट स्थानीय स्तरको न्यूनतम दररेट निर्धारण गर्ने सम्बन्धमा खुलाई पठाइदिन माग आएकोमा सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४को दफा १३ को व्यवस्था तथा सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन समेत)को नियम १४८ प्रावधानलाई मध्यनजर गर्दा स्थानीय तहको खरिद नियमावलीले व्यवस्था नगर्दासम्मको लागि देहाय अनुसारको व्यवस्था गरी गाउँ /नगरपालिकाको न्यूनतम दररेट निर्धारण गर्न सक्ने जानकारी सवै गाउँपालिका तथा नगरपालिका पठाउने भनी नेपाल सरकार (सचिवस्तर) मिति २०७५।४।१४ को निर्णय भएकोले सोही अनुसार गर्नुगराउनु हुन अनुसार अनुरोध छ ।

तपशिल

१. गाउँ /नगर दररेट निर्धारण सिफारीस समितिः
   - क. गाउँपालिका /नगरपालिकाको अध्यक्ष /प्रमुख – सयोजक
   - ख. प्रमुख प्रशासकीय अधिकृत वा नीजले तोकेको अधिकृत प्रतिनिधि – सदस्य
   - ग. आर्थिक प्रशासन शाखा प्रमुख – सदस्य
   - घ. स्थानीय /जिल्ला उद्योग वाणिज्य संघको प्रतिनिधि – सदस्य
   - ङ. स्थानीय /जिल्ला निर्माण व्यवसायी महासंघको प्रतिनिधि – सदस्य
   - च. पूर्वाधार विकास तथा वातावरण शाखाको प्रमुख (ईन्जिनियर) – सदस्य सचिव

   *(पूर्वाधार विकास शाखामा ईन्जिनियर नभएमा नजिकको सरकारी निकायवाट ईन्जिनियर आमन्त्रीत गरी बैठक बस्नु पर्नेछ ।)*

२. सार्वजनिक खरिद नियमावली, २०६४ अनुसारको जिल्ला दररेट निर्धाण समिति क्रियाशीलनै रहेकोले गाउँ /नगर दररेट निर्धारण सिफारिस समितिले दररेट निर्धारण गर्दा जिल्ला दररेट समितिले निर्धारण गरेको दररेटलाई समेत आधार लिई निर्धारण गर्न सकिने छ । जिल्ला दररेट समितिले निर्धारण गरेको दररेटमा स्थानीय आवश्यकताका क्षेत्रमा दररेट समावेस गरी वा ढुवानी लगायतका विषयमा हुने फरक मूल्यलाई समायोजन गरी दररेट सिफारिस गर्न सकिने छ ।

३. उपरोक्त समितिले सिफारिस गरेको दररेट कार्यपालिकावाट स्वीकृत गरी कार्यान्वयन ल्याउन सकिने छ ।

*नोटः दररेट निर्माणको नमूना ढाँचा (Template) को विद्युतीय कपि संलग्न छ ।*

जनकराज शर्मा
शाखा अधिकृत

बोधार्थ:

श्री सूचना तथा प्रविधि शाखा : वेभसाइटमा अपलोड गरिदिनु हुन ।